<u>कृषि व्यवसाय प्रवर्द्धन अनुदान (दोस्रो संशोधन) मापदण्ड, २०८०</u>

कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको मापदण्ड बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस मापदण्डको नाम "कृषि व्यवसाय प्रवर्द्धन अनुदान (दोस्रो संशोधन) मापदण्ड, २०८० " रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. <u>कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ को दफा ३ मा संशोधन</u>: कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ (यसपछि "मूल मापदण्ड" भनिएको) को दफा ३ को कार्यक्रम नं. १४ को "आवश्यक न्यूनतम प्राविधिक मापदण्ड" खण्डको पहिलो बुलेटमा "५० हेक्टर" भन्ने शब्दहरुको सट्टामा "तराईमा २० हेक्टर र पहाडमा १५ हेक्टर" भन्ने शब्दहरु राखिएको छ।

३. <u>मूल मापदण्डको दफा ३ मा थप</u>: मूल मापदण्डको दफा ३ को कार्यक्रम नं. ३६ भन्दा पछाडी देहायका कार्यक्रम थप गरिएका छन,-

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ३७ | अदुवा उत्पादन प्रवर्द्धन कार्यक्रम | • अदुवा उत्पादन कार्यक्रम संचालनका लागि न्युनतम ३ हेक्टर क्षेत्रफल भएको क्लष्टरमा संचालन गर्नु पर्नेछ।<br>• प्रति किसान पहाडी क्षेत्रमा न्यूनतम २ रोपनी क्षेत्रफल हुनु पर्नेछ।<br>• क्लस्टरको छनोट नियमावलीको नियम १० को उपनियम (घ) अनुसार गर्नु पर्नेछ । | • न्यूनतम १ रोपनी क्षेत्रफलमा गानो कुहिने रोग व्यवस्थापन प्रदर्शन,<br>• उन्नत जातको बीउ खरिद तथा ढुवानी, बाली संरक्षण सामाग्री खरिद,<br>• आवश्यक कृषि औजार उपकरण (जग्गा तयारी अदुवा प्रसोधन, प्याकिङ्ग तथा ब्रान्डिङ्ग सम्बद्ध) खरिद।<br>उल्लेखित क्रियाकलापहरु संचालनको कुल लागतको बढीमा ७५% अनुदान उपलब्ध गराउन सकिनेछ। |
| ३८ | भटमास खेती प्रवर्द्धन कार्यक्रम | • कार्यक्रम संचालनका लागि पहाडी क्षेत्रमा न्युनतम ३ हेक्टर र तराई क्षेत्रमा न्यूनतम ५ हेक्टर क्षेत्रफल भएको क्लष्टरमा संचालन गर्नु पर्नेछ।<br>• प्रति किसान पहाडी क्षेत्रमा न्यूनतम २ रोपनी र तराईमा ५ कट्ठा क्षेत्रफल हुनु पर्नेछ।<br>• क्लस्टरको छनोट नियमावलीको नियम १० को उपनियम (घ) अनुसार गर्नु पर्नेछ। | • उन्नत जातको बीउ खरिद तथा ढुवानी,<br>• बाली संरक्षण सामाग्री खरिद,<br>• जग्गा तयारी तथा भटमास थ्रेसिङ्ग र प्याकेजिङ्ग सम्बद्ध यन्त्र उपकरण खरिद।<br>उल्लेखित क्रियाकलापहरु संचालनको कुल लागतको बढीमा ७५% अनुदान उपलब्ध गराउन सकिनेछ। |
| ३९ | तेलहन उत्पादन | • कार्यक्रम संचालनका लागि पहाडी | • उन्नत जातको बीउ खरिद तथा ढुवानी |

सचिव

मुख्यमन्त्री तथा उद्योग कृषि तथा सहकारी मन्त्री

Scanned with CamScanner

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | प्रवर्द्धन कार्यक्रम | क्षेत्रमा न्युनतम ३ हेक्टर र तराई क्षेत्रमा न्यूनतम ५ हेक्टर क्षेत्रफल भएको क्लष्टरमा संचालन गर्नु पर्नेछ ।<br>• प्रति किसान पहाडी क्षेत्रमा न्यूनतम २ रोपनी र तराईमा ५ कट्ठा क्षेत्रफल हुनु पर्नेछ ।<br>• क्लस्टरको छनोट नियमावलीको नियम १० को उपनियम (घ) अनुसार गर्नु पर्नेछ। | • बाली संरक्षण सामाग्री/ सुक्ष्म तत्व खरिद<br>• जग्गा तयारी, थ्रेसिङ्ग, प्रसोधन र प्याकेजिङ्ग सम्बद्ध यन्त्र उपकरण खरिद<br>उल्लेखित क्रियाकलापहरु संचालनको कुल लागतको बढीमा ७५% अनुदान उपलब्ध गराउन सकिनेछ। |
| ४० | दलहन उत्पादन प्रवर्द्धन कार्यक्रम | • कार्यक्रम संचालनका लागि पहाडी क्षेत्रमा न्युनतम ३ हेक्टर र तराई क्षेत्रमा न्यूनतम ५ हेक्टर क्षेत्रफल भएको क्लष्टरमा संचालन गर्नु पर्ने।<br>• प्रति किसान पहाडी क्षेत्रमा न्यूनतम २ रोपनी र तराईमा ५ कट्ठा क्षेत्रफल हुनु पर्नेछ ।<br>• क्लस्टरको छनोट नियमावलीको नियम १० को उपनियम (घ) अनुसार गर्नु पर्नेछ। | • उन्नत जातको बीउ खरिद तथा ढुवानी,<br>• बाली संरक्षण सामाग्री खरिद,<br>• जग्गा तयारी, थ्रेसिङ्ग, प्रसोधन र प्याकेजिङ्ग सम्बद्ध यन्त्र उपकरण खरिद।<br>उल्लेखित क्रियाकलापहरु संचालनको कुल लागतको बढीमा ७५% अनुदान उपलब्ध गराउन सकिनेछ। |
| ४१ | आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | • कार्यक्रम संचालनका लागि पहाडी क्षेत्रमा न्युनतम ३ हेक्टर र तराई क्षेत्रमा न्यूनतम ५ हेक्टर क्षेत्रफल भएको क्लष्टरमा संचालन गर्नु पर्नेछ।<br>• प्रति किसान पहाडी क्षेत्रमा न्यूनतम २ रोपनी र तराईमा ५ कट्ठा क्षेत्रफल हुनु पर्नेछ।<br>• क्लस्टरको छनोट नियमावलीको नियम १० को उपनियम (घ) अनुसार गर्नु पर्नेछ। | • उन्नत जातको आलुको बीउ(आलुको उन्नत बीउ, पीविएस, टिपीएस) खरिद तथा ढुवानी<br>• वाली संरक्षण सामाग्री खरिद<br>• जग्गा तयारी तथा आलु रोपण तथा आलु प्याकेजिङ्ग सम्बद्ध यन्त्र उपकरण खरिद<br>उल्लेखित क्रियाकलापहरु संचालनको कुल लागतको बढीमा ७५% अनुदान उपलब्ध गराउन सकिनेछ। |

४. मूल मापदण्डको दफा ३ मा थपः मूल मापदण्डको दफा ५ को कार्यक्रम नं. ८ भन्दा पछाडी देहायका कार्यक्रम थप गरिएको छ,-

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|

सचिव

मुख्यमन्त्री तथा उद्योग कृषि तथा सहकारी मन्त्री

Scanned with CamScanner

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ९ | प्रदेशमा उत्पादित घ्यू तथा धुलो दुध निर्यातमा प्रोत्साहान अनुदान | • कोशी प्रदेशमा डेरी उधोगहरुले किसानले उत्पादन गरेको दुध संकलन, प्रसोधन गरी उत्पादित नौनी, घ्यू तथा धुलो दुध(Whole Milk Powder/ Skimmed Milk Powder) निर्यात गरेको प्रमाण/बील विजकका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।<br>• निर्यात गर्दा भन्सार कार्यालयले उपलब्ध गराएको परिमाण खुलेको विल/विजक तथा प्रतितपत्र (Letter of Credit) को प्रतिलिपि र Custom Clearance Form अनिबार्य पेश गर्नुपर्नेछ।<br>• धुलो दुध(WMP/SMP)उत्पादन गर्ने उधोगको हकमा दुध संकलन वा दुध खरिद गरेको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।<br>• किसान/सहकारीबाट दुध खरिद गरी धुलो दुध उत्पादक उधोगमा दुध पठाउने डेरी उधोगको हकमा धुलो दुध उधोगले प्रमाणित गरेको धुलो दुधको परिमाण खुलेको कागजात पेश गर्नुपर्नेछ।<br>• निर्यातमाप्रोत्साहन अनुदानका लागि यसै प्रदेशमा उत्पादित दुधबाट बनेको नौनी, घ्यू तथा धुलो दुध मात्र योग्य हुनेछ।<br>• नौनी वा घ्यू निकासी गर्ने उधोगले आफूले उत्पादन गरेको वा खरिद गरेको प्रमाण पेश गर्नुपर्नेछ। प्रमाणको हकमा दुध खरिद गरी भुक्तानी गरेको प्रमाण वा नौनी/घ्यू खरिद गरेको प्रमाण मान्य हुनेछ।<br>• स्वीकृत बजेटको सिमामा रही पहिलो भुक्तानी माग गर्ने योग्य निवेदकलाई पहिलो प्राथमिकता दिई क्रमशः भुक्तानी गरिनेछ । | नौनी, घ्यू र धुलो दुध निर्यातमा क्रमशः प्रति केजी देहाय बमोजिमको प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ।<br>१. नौनी रु. ९०/-<br>२. घ्यू रु. १२०/-<br>३. WMP(Whole Milk Powder) रु. ८०/-<br>४. SMP(Skim Milk Power) रु. ७०/- |

सचिव

मुख्यमन्त्री तथा उद्योग, कृषि तथा सहकारी मन्त्री

Scanned with CamScanner

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | • बैंकिङ प्रकृयाबाट विदेशी मुद्रा आर्जन गरेको प्रमाण पेश गर्नु पर्नेछ। | |

५. <u>मूल मापदण्डको दफा ४ मा संशोधनः</u> मूल मापदण्डको दफा ४ को कार्यक्रम नं. ६.७ को "प्राविधिक मापदण्ड" खण्डको दोस्रो बुलेटमा रहेका "दश वटा" भन्ने शब्दहरुको सट्टामा "६ वटा" भन्ने शब्दहरु राखिएको छ।

६. <u>मूल मापदण्डको दफा ५ मा संशोधनः</u> मूल मापदण्डको दफा ५ को कार्यक्रम नं. ८ को "प्राविधिक मापदण्ड" खण्डको पहिलो बुलेटमा रहेका "कम्तिमा ५००" भन्ने शब्दहरुको सट्टामा "न्यूनतम २५०" भन्ने शब्दहरु राखिएको छ। र दोस्रो बुलेटमा रहेका "कार्यक्रममा सहभागी कृषकहरुले वार्षिक २०० दिन संकलन गरेको हुनु पर्नेछ।" भन्ने शब्दहरु झिकिएको छ।

७. <u>मूल मापदण्डको परिच्छेद-५ मा संशोधन थपः</u> मूल मापदण्डको परिच्छेद-५ को दफा १० पछाडी देहायको दफा ११ थप गरिएको छः-

११. प्रदेशमा उत्पादित घ्यू तथा धुलो दुध निर्यातमा प्रोत्साहान अनुदान संचालन प्रकियाः

- मन्त्रालयले प्रदेशमा उत्पादित घ्यू तथा धुलो दुध निर्यातमा प्रोत्साहान अनुदानका लागि सार्वजनिक सूचना प्रवाह गर्नु पर्नेछ। निवेदन पेश गर्ने अवधि मन्त्रालयले सुचनामा तोके बमोजिम हुनेछ।
- निवेदकहरुले घ्यू तथा धुलो दुध निर्यात गरेपश्चात आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ।
- मन्त्रालयले दुईजना प्रावधिकहरुलाई जिम्मेवारी तोकी प्राप्त निवेदनको आवश्यकता अनुसार स्थलगत अनुगमन तथा पेश भएका कागजातहरु अध्ययन गरी प्राविधिक मापदण्ड पुरा गरेका निवेदनलाई ऐन बमोजिमको प्रदेशस्तर अनुदान छनोट समितिमा छनोटका लागि सिफारिस गर्नुप पर्नेछ। मन्त्रालयले प्रदेशस्तर अनुदान छनोट समिति मार्फत अन्तिम छनोट गर्नु पर्नेछ।
- यसरी छनोटका लागि पेश गर्दा प्राविधिक मापदण्ड पुरा गरेका पहिला निवेदन पेश गर्नेहरु लाई पहिला प्राथमिकता दिनुपर्नेछ ।

सचिव

मुख्यमन्त्री तथा उद्योग, कृषि तथा सहकारी मन्त्री

Scanned with CamScanner

- यसरी छनोट भएका निवेदकहरुलाई क्रमशः प्रोत्साहान अनुदान रकम उपलब्ध गराउनु पर्नेछ।
- यस कार्यक्रमका लागि स्वीकृत भएको बजेट खर्च भईसके पश्चात प्राप्त हुने निवेदनहरुलाई प्रोत्साहान अनुदान रकम उपलब्ध गराईने छैन।

सचिव

मुख्यमन्त्री तथा उद्योग कृषि तथा सहकारी मन्त्री

Scanned with CamScanner

**प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ लाई (दोस्रो संशोधन) गर्ने प्रस्तावको**

**तीन महले विवरण**

| क.सं. | दफा/उपदफा/कार्यक्रम नं. | मापदण्डको वर्तमान व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा ३ को कार्यक्रम नं. १४ को आवश्यक न्यूनतम प्राविधिक मापदण्ड खण्डको पहिलो वुलेट (मकै उत्पादकत्व अभिवृद्धि कार्यक्रम) | स्थानीय तहको समेत सहभागिता तथा समन्वयमा जिल्लास्तर अनुदानग्राही छनोट समितिवाट मकै वाली सम्भावना भएका तर उन्नत विउको प्रयोग कम भएको स्थानीय तह तथा वडाहरु कम्तिमा एक स्थानीय तहमा ५० हेक्टर क्षेत्रफलमा मकै खेती गर्न सकिने गरी क्लष्टर छनोट गर्नु पर्नेछ। | स्थानीय तहको समेत सहभागिता तथा समन्वयमा जिल्लास्तर अनुदानग्राही छनोट समितिवाट मकै वाली सम्भावना भएका तर उन्नत विउको प्रयोग कम भएको स्थानीय तह तथा वडाहरु कम्तिमा एक स्थानीय तहमा तराईमा २० हेक्टर र पहाडमा १५ हेक्टर क्षेत्रफलमा मकै खेती गर्न सकिने गरी क्लष्टर छनोट गर्नु पर्नेछ। | क्लष्टरको क्षेत्रफल वढी भएकोले धैरै स्थानमा संचालन गरी अधिकतम लाभग्राहीलाई समावेश गराउन। |
| २. | नयाँ व्यवस्था<br><br>अदुवा उत्पादन प्रवर्द्धन कार्यक्रम | • अदुवा उत्पादन कार्यक्रम संचालनका लागि न्युनतम ३ हेक्टर क्षेत्रफल भएको क्लष्टरमा संचालन गर्नु पर्नेछ।<br>• प्रति किसान पहाडी क्षेत्रमा | • न्यूनतम १ रोपनी क्षेत्रफलमा गानो कुहिने रोग व्यवस्थापन प्रदर्शन,<br>• उन्नत जातको वीउ खरिद तथा ढुवानी, वाली संरक्षण सामाग्री खरिद,<br>• आवश्यक कृषि औजार उपकरण (जग्गा | नयाँ कार्यक्रम थप गर्नु पर्ने भएकोले। |

सचिव

मुख्यमन्त्री तथा उद्योग कृषि तथा सहकारी मन्त्री

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | न्यूनतम २ रोपनी क्षेत्रफल हुनु पर्नेछ।<br>क्लस्टरको छनोट नियमावलीको नियम १० को उपनियम (घ) अनुसार गर्नु पर्नेछ । | तयारी अदुवा प्रसोधन, प्याकिङ्ग तथा ब्रान्डिङ्ग सम्बद्ध) खरिद।<br>उल्लेखित क्रियाकलापहरु संचालनको कुल लागतको बढीमा ७५% अनुदान उपलब्ध गराउन सकिनेछ। | |
| ३. | नयाँ व्यवस्था<br><br>भटमास खेती प्रवर्द्धन कार्यक्रम | • कार्यक्रम संचालनका लागि पहाडी क्षेत्रमा न्युनतम ३ हेक्टर र तराई क्षेत्रमा न्यूनतम ५ हेक्टर क्षेत्रफल भएको क्लष्टरमा संचालन गर्नु पर्नेछ।<br>• प्रति किसान पहाडी क्षेत्रमा न्यूनतम २ रोपनी र तराईमा ५ कठ्ठा क्षेत्रफल हुनु पर्नेछ।<br>क्लस्टरको छनोट नियमावलीको नियम १० को उपनियम (घ) अनुसार गर्नु पर्नेछ। | • उन्नत जातको बीउ खरिद तथा ढुवानी,<br>• वाली संरक्षण सामाग्री खरिद,<br>• जग्गा तयारी तथा भटमास थ्रेसिङ्ग र प्याकेजिङ्ग सम्वद्ध यन्त्र उपकरण खरिद।<br>उल्लेखित क्रियाकलापहरु संचालनको कुल लागतको बढीमा ७५% अनुदान उपलब्ध गराउन सकिनेछ। | नयाँ कार्यक्रम थप गर्नु पर्ने भएकोले। |
| ४. | नयाँ व्यवस्था<br><br>तेलहन उत्पादन प्रवर्द्धन कार्यक्रम | • कार्यक्रम संचालनका लागि पहाडी क्षेत्रमा न्युनतम ३ हेक्टर र तराई क्षेत्रमा न्यूनतम ५ हेक्टर क्षेत्रफल भएको क्लष्टरमा संचालन गर्नु पर्नेछ ।<br>• प्रति किसान पहाडी क्षेत्रमा | • उन्नत जातको बीउ खरिद तथा ढुवानी<br>• वाली संरक्षण सामाग्री/ सुक्ष्म तत्व खरिद<br>• जग्गा तयारी, थ्रेसिङ्ग, प्रसोधन र प्याकेजिङ्ग सम्वद्ध यन्त्र उपकरण खरिद<br>• उल्लेखित क्रियाकलापहरु संचालनको कुल | नयाँ कार्यक्रम थप गर्नु पर्ने भएकोले। |

सचिव

मुख्यमन्त्री तथा उद्योग कृषि तथा सहकारी मन्त्री

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | न्यूनतम २ रोपनी र तराईमा ५ कट्ठा क्षेत्रफल हुनु पर्नेछ ।<br>क्लस्टरको छनोट नियमावलीको नियम १० को उपनियम (घ) अनुसार गर्नु पर्नेछ। | लागतको बढीमा ७५% अनुदान उपलब्ध गराउन सकिनेछ। | |
| ५. | नयाँ व्यवस्था<br><br>दलहन उत्पादन प्रवर्द्धन कार्यक्रम | • कार्यक्रम संचालनका लागि पहाडी क्षेत्रमा न्युनतम ३ हेक्टर र तराई क्षेत्रमा न्यूनतम ५ हेक्टर क्षेत्रफल भएको क्लष्टरमा संचालन गर्नु पर्ने।<br>• प्रति किसान पहाडी क्षेत्रमा न्यूनतम २ रोपनी र तराईमा ५ कट्ठा क्षेत्रफल हुनु पर्नेछ ।<br>• क्लस्टरको छनोट नियमावलीको नियम १० को उपनियम (घ) अनुसार गर्नु पर्नेछ। | • उन्नत जातको वीउ खरिद तथा ढुवानी,<br>• वाली संरक्षण सामाग्री खरिद,<br>• जग्गा तयारी, थ्रेसिङ्ग, प्रसोधन र प्याकेजिङ्ग सम्वद्ध यन्त्र उपकरण खरिद।<br>• उल्लेखित क्रियाकलापहरु संचालनको कुल लागतको बढीमा ७५% अनुदान उपलब्ध गराउन सकिनेछ। | नयाँ कार्यक्रम थप गर्नु पर्ने भएकोले। |
| ६. | नयाँ व्यवस्था<br><br>आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | • कार्यक्रम संचालनका लागि पहाडी क्षेत्रमा न्युनतम ३ हेक्टर र तराई क्षेत्रमा न्यूनतम ५ हेक्टर क्षेत्रफल भएको क्लष्टरमा संचालन गर्नु पर्नेछ।<br>• प्रति किसान पहाडी क्षेत्रमा न्यूनतम २ रोपनी र तराईमा ५ | • उन्नत जातको आलुको वीउ(आलुको उन्नत वीउ, पीविएस, टिपीएस) खरिद तथा ढुवानी<br>• वाली संरक्षण सामाग्री खरिद<br>• जग्गा तयारी तथा आलु रोपण तथा आलु प्याकेजिङ्ग सम्वद्ध यन्त्र उपकरण खरिद<br>• उल्लेखित क्रियाकलापहरु संचालनको कुल | नयाँ कार्यक्रम थप गर्नु पर्ने भएकोले। |

सचिव

मुख्यमन्त्री तथा उद्योग कृषि तथा सहकारी मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | कट्ठा क्षेत्रफल हुनु पर्नेछ।<br>• क्लस्टरको छनोट नियमावलीको नियम १० को उपनियम (घ) अनुसार गर्नु पर्नेछ। | लागतको बढीमा ७५% अनुदान उपलब्ध गराउन सकिनेछ। | |
| ७. | नयाँ व्यवस्था<br><br>प्रदेशमा उत्पादित घ्यू तथा धुलो दुध निर्यातमा प्रोत्साहान अनुदान | • कोशी प्रदेशमा डेरी उद्योगहरुले किसानले उत्पादन गरेको दुध संकलन, प्रसोधन गरी उत्पादित नौनी, घ्यू तथा धुलो दुध(Whole Milk Powder/ Skimmed Milk Powder) निर्यात गरेको प्रमाण/वील विजकका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।<br>• निर्यात गर्दा भन्सार कार्यालयले उपलब्ध गराएको परिमाण खुलेको विल/विजक तथा प्रतितपत्र (Letter of Credit) को प्रतिलिपि र Custom Clearance Form अनिवार्य पेश गर्नुपर्नेछ।<br>• धुलो दुध(WMP/SMP)उत्पादन गर्ने उद्योगको हकमा दुध संकलन वा दुध खरिद गरेको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ। | • नौनी, घ्यू र धुलो दुध निर्यातमा क्रमशः प्रति केजी देहाय बमोजिमको प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ।<br>• १. नौनी रु. ९०/-<br>• २. घ्यू रु. १२०/-<br>• ३. WMP(Whole Milk Powder) रु. ८०/-<br>• ४. SMP(Skim Milk Power) रु. ७०/- | नयाँ कार्यक्रम थप गर्नु पर्ने भएकोले। |

सचिव

मुख्यमन्त्री तथा उद्योग कृषि तथा सहकारी मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | • किसान/सहकारीबाट दुध खरिद गरी धुलो दुध उत्पादक उद्योगमा दुध पठाउने डेरी उद्योगको हकमा धुलो दुध उद्योगले प्रमाणित गरेको धुलो दुधको परिमाण खुलेको कागजात पेश गर्नुपर्नेछ।<br>• निर्यातमाप्रोत्साहन अनुदानका लागि यसै प्रदेशमा उत्पादित दुधबाट बनेको नौनी, घ्यू तथा धुलो दुध मात्र योग्य हुनेछ।<br>• नौनी वा घ्यू निकासी गर्ने उद्योगले आफूले उत्पादन गरेको वा खरिद गरेको प्रमाण पेश गर्नुपर्नेछ। प्रमाणको हकमा दुध खरिद गरी भुक्तानी गरेको प्रमाण वा नौनी/घ्यू खरिद गरेको प्रमाण मान्य हुनेछ।<br>• स्वीकृत बजेटको सिमामा रही पहिलो भुक्तानी माग गर्ने योग्य निवेदकलाई पहिलो प्राथमिकता दिई क्रमशः भुक्तानी गरिनेछ ।<br>• बैकिङ प्रकृयाबाट विदेशी मुद्रा आर्जन गरेको प्रमाण पेश गर्नु | | |

सचिव

मुख्यमन्त्री तथा उद्योग कृषि तथा सहकारी मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | पर्नेछ। | | |

| क्र.सं. | दफा/उपदफा/कार्यक्रम नं. | मापदण्डको वर्तमान व्यवस्था | संशोधनका लागि प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| ८. | दफा ४ को कार्यक्रम नं. ६.७ को प्राविधक मापदण्ड खण्डको दोस्रो बुलेट (बाखाको बृहत्तर पकेट) | बृहत्तर पकेट कार्यक्रममा आवद्ध प्रत्येक कृषक सदस्यहरुले कम्तिमा दश वटा प्रजनन योग्य माउ बाखाहरु पालन गरेको हुनु पर्नेछ। | बृहत्तर पकेट कार्यक्रममा आवद्ध प्रत्येक कृषक सदस्यहरुले कम्तिमा ६ वटा प्रजनन योग्य माउ बाखाहरु पालन गरेको हुनु पर्नेछ। | अधिकतम लाभग्राहीलाई समावेश गराउन। |
| ९. | दफा ५ को कार्यक्रम नं. ८ को प्राविधिक मापदण्ड खण्डको पहिलो बुलेट (दुध उत्पादनमा आधारित अनुदान वितरण) | यस कार्यक्रममा आवद्ध हुने सहकारी संस्था, संकलन केन्द्र र डेरी उद्योगहरुले दैनिक कम्तिमा ५०० लिटर दुध संकलन गरेको हुनु पर्नेछ। | यस कार्यक्रममा आवद्ध हुने सहकारी संस्था, संकलन केन्द्र र डेरी उद्योगहरुले दैनिक न्यूनतम २५० लिटर दुध संकलन गरेको हुनु पर्नेछ । | अधिकतम लाभग्राहीलाई समावेश गराउन। |
| १०. | दफा ५ को कार्यक्रम नं. ८ को प्राविधिक मापदण्ड खण्डको दोस्रो बुलेट (दुध उत्पादनमा आधारित अनुदान वितरण) | कार्यक्रममा सहभागी कृषकहरुले वार्षिक २०० दिन संकलन गरेको हुनु पर्नेछ। | झिकिएको । | अधिकतम लाभग्राहीलाई समावेश गराउन। |

सचिव

मुख्यमन्त्री तथा उद्योग कृषि तथा सहकारी मन्त्री

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ११ | नयाँ व्यवस्था | ११. प्रदेशमा उत्पादित घ्यू तथा धुलो दुध निर्यातमा प्रोत्साहान अनुदान संचालन प्रकियाः<br>• मन्त्रालयले प्रदेशमा उत्पादित घ्यू तथा धुलो दुध निर्यातमा प्रोत्साहान अनुदानका लागि सार्वजनिक सूचना प्रवाह गर्नु पर्नेछ। निवेदन पेश गर्ने अवधि मन्त्रालयले सुचनामा तोके बमोजिम हुनेछ।<br>• निवेदकहरुले घ्यू तथा धुलो दुध निर्यात गरेपश्चात आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ।<br>• मन्त्रालयले दुईजना प्राविधिकहरुलाई जिम्मेवारी तोकी प्राप्त निवेदनको आवश्यकता अनुसार स्थलगत अनुगमन तथा पेश भएका कागजातहरु अध्ययन गरी प्राविधिक मापदण्ड पुरा गरेका निवेदनलाई ऐन बमोजिमको प्रदेशस्तर अनुदान छनोट समितिमा छनोटका लागि सिफारिस गर्नुप पर्नेछ। मन्त्रालयले प्रदेशस्तर अनुदान छनोट समिति मार्फत अन्तिम छनोट गर्नु पर्नेछ।<br>• यसरी छनोटका लागि पेश गर्दा प्राविधिक मापदण्ड पुरा गरेका पहिला निवेदन पेश गर्नेहरुहरु लाई पहिला प्राथमिकता दिनुपर्नेछ ।<br>• यसरी छनोट भएका निवेदकहरुलाई क्रमशः प्रोत्साहान अनुदान रकम उपलब्ध गराउनु पर्नेछ।<br>• यस कार्यक्रमका लागि स्वीकृत भएको वजेट खर्च भईसके पश्चात प्राप्त हुने निवेदनहरुलाई प्रोत्साहान अनुदान रकम उपलब्ध गराईने छैन। | संचालन प्रकृया थप गर्न आवश्यक भएकोले |

सचिव

मुख्यमन्त्री तथा उद्योग कृषि तथा सहकारी मन्त्री

Scanned with CamScanner